
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





फिल्म 'परदेशी २' र 'बदला बरी लै' गीतको सफलतापछि अभिनेत्री केकी अधिकारी र गायक तथा अभिनेता प्रकाश सपूतबीच पुन: एकपटक सहकार्य भएको छ । केकीको निर्माण तथा अभिनय रहेको फिल्म 'बोक्सीको घर'का लागि प्रकाशले 'बुझिनँ मैले' बोलको एक गीत तयार पारेका छन् । गीतमा गायक सपूतको शब्द तथा संगीत छ भने गायनमा उनलाई समीक्षा अधिकारीले साथ दिएकी छन् । यो गीतको यसै साता भिडियो छायांकन पनि भइसकेको छ ।

आजको विचार...



इन्द्रबहादुर बराल

ग्रामीण... (दुई पेजमा)

अनिल बुढा मगरको निर्देशनमा तयार भएको फिल्म 'घरज्वाइँ'को क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । ग्रामीण परिवेशलाई पृष्ठभूमिमा राखेर तयार पारिएको दुईवटा पोस्टरमध्ये एउटामा अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर प्रस्तुत छन् । डोको बोकेर हिँडिरहेका उनीहरु दम्पतीको भूमिकामा रहेको प्रष्ट बुझिन्छ । अर्को पोस्टरमा दयाहाङ काँधमा बन्दुक भिरेर चित्रित छन् । आगामी असार २८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको पूर्वी रुकुम तकसेरामा छायांकन गरिएको हो ।

❒ वर्ष २९ ❒ अंक २४२ ❒ २०८० चैत १९ गते सोमबार 1 April 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# काँग्रेसको गृहमन्त्रीमाथि छानबिनको अडान कायमै

## विपक्षीको मागप्रति सत्तापक्षको बेवास्ता

हाम्रा संवाददाता —

**पाल्पा,** चैत १८/सहकारी ठगी प्रकरणमा मुछिएको आरोपमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने माथि छानबिन गर्न संसदीय समिति बनाउनुपर्ने माग राख्दै आएको प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसले अहिले पनि अडान कायमै राखेको छ । काँग्रेसले सहकारी ठगी प्रकरणमा मुछिएका लामिछानेमाथि तत्काल छानविनको लागि संसदीय समिति गठन गर्न माग गर्दै अडान कायमै राखेको हो ।

उसले समिति गठनको माग गर्दै लगातार प्रतिनिधि सभामा विरोध जनाउँदै आएको छ । माग राख्दै यस अघिका प्रतिनिधि सभा बैंठकमा समेत विरोध गर्दै आएको काँग्रेसले आइतबारको प्रतिनिधि सभा बैठकमा समेत कायमै राख्यो । बैंठक सुरू हुनेवित्तकै काँग्रेस सांसदहरूले गृहमन्त्री माथि अनुसन्धान गर्न संसदीय समिति गठनको माग गर्दै संसदमा अवरोध जनाए । कांग्रेस सांसदहरू आ-आफ्नो सिटबाट उठेर अवरोध जनाएपछि सभामुख देवराज



घिमिरेले सांसद संजयकुमार गौतमलाई समय दिए । सांसद गौतमले गृहमन्त्री लामिछाने माथि नैतिक र कानुनी प्रश्न उठिसकेकाले उनीमाथि छानबिन हुनुपर्नेमा जोड दिए । 'हामीले उठाएको यो मुद्दामा सम्पूर्ण संसदको ध्यानाकर्षण गराउन चाहन्छु । सरकार यो प्रति गम्भीर बनोस् । संसदीय छानबिन समिति बनाइयोस् । यो कुरालाई चाँडोभन्दा चाँडो निष्कर्षमा पुगोस् । होइन भने यो मुद्दा बारम्बार उठाइरहनेछौं । हामी चाहदैनौं कि संसद अवरुद्ध गरौं । बाध्य भयौं भने पनि त्यो ठाउँमा पुग्नसक्छौं,' उनले भने । नेता गौतमले लामिछानेका विषयमा प्रधानमन्त्री र प्रहरी प्रमुखहरुले दिएको जवाफले झनै संशय भएको दावी गरे ।

विपक्षीको मागप्रति सत्तापक्षले भने बेवास्ता गर्दै आएको छ । नेपाली काँग्रेसले विवादमा मुछिएका लामिछानेको राजीनामा नआई सदन चल्न नदिने अडान राख्दै आएपनि सत्तारूढ प्रमुख घटक एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीले भने त्यो आवश्यक नभएको अडान राखेका छन् ।

काँग्रेसले उठाएको प्रश्नमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सदनमा जवाफ दिइसकेका छन् तर, प्रधानमन्त्रीको जवाफबाट काँग्रेस भने रुष्ट बनेको छ । उसले प्रधानमन्त्रीको जवाफ चित्त बुझ्दो नदिएको भन्दै संसदीय छानविन गठनका लागि अडान कायमै राख्दै आएको हो । समिति गठन नभएसम्म सदन चल्न नदिने कांग्रेसले चेतावनी दिएको छ । तर, सरकार भने समिति गठन गर्न तयार दैखिदैन । संसदीय छानविन गठन सम्बन्धमा सत्ता र प्रतिपक्षको अडानले जनप्रतिनिधिमूलक सर्वोच्च निकाय संसद् अनिर्णयको बन्दी बन्ने देखिएको छ ।

सक्षिप्त समाचार

## खोलामा डुबेर बालकको मृत्यु



**तम्घास (गुल्मी),** चैत १८/पौडी खेल्ने क्रममा खोलामा डुबेर गुल्मीमा एकजनाको मृत्यु भएको छ । जिल्लाको गुल्मीदरबार गाउँपालिका-२ घोरा निवासी रमेश सारुको छोरा १२ वर्षीय प्रिन्स सारुको मृत्यु भएको हो ।

शनिबार बेलुका बडिगाड खोलाको सोता भन्ने ठाउँमा प्रिन्स पौडी खेल्न गएका थिए । पौडी खेल्ने क्रममा उनी बेपत्ता भएका थिए । बेपत्ता उनको आइतबार बिहानैदेखि सशस्त्र प्रहरी, गुल्मीका सई खड्गसिंह प्रेमीको नेतृत्वमा खटिएको टोलीले खोजी गर्ने क्रममा शव फेला परेको प्रहरीले जनाएको छ ।

## दुई विधेयक छलफलका लागि पारित




**काठमाडौं,** चैत १८/प्रतिनिधिसभाको आइतबारको बैठकले दुईवटा विधेयकमाथि दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाउने प्रस्ताव पारित गरेको छ । अर्थमन्त्री वर्षमान पुनले पेश गरेको 'भन्सार विधेयक', २०८० र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले पेश गरेको 'निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक', २०८० छलफलका लागि सम्बन्धित समितिमा पठाउने प्रस्ताव पारित गरेको हो ।

दुई वटै प्रस्ताव बैठकबाट सर्वसम्मतिले पारित भएको छ । बैठकमा अर्थमन्त्री पुनले 'बैंक तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक २०८०' समेत प्रस्तुत गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा विकसित वित्तीय प्रणाली, वित्तीय औजार, वित्तीय सुरक्षा, वित्तीय जोखिम समेतका आधारमा बैंक तथा वित्तीय संस्थाको प्रभावकारी व्यवस्थापन एवम् नियमन गर्न आवश्यक रहेकाले यो विधेयक ल्याइएको अर्थमन्त्री पुनको भनाइ छ । त्यस्तै, प्रविधिमा आएको परिवर्तनलाई प्रयोग गर्न र विद्यमान कानुनमा उल्लेखित तीनवटै तहका सरकारको वित्तीय अधिकार क्षेत्र व्यवस्थित गर्ने उद्देश्यले यो विधेयक ल्याइएको बताए । नेपालको समग्र बैंकिङ तथा वित्तीय प्रणालीको विश्वसनियता अभिवृद्धि गर्न, राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाई स्थायित्व कायम गर्न र बैंक तथा वित्तीय संस्थाहरुको संस्थापना, सञ्चालन, व्यवस्थापन, नियमनलगायत कार्यलाई व्यवस्थित गर्नका लागि पनि विद्यमान ऐन संशोधन गर्न लागिएको उनको भनाइ छ । प्रतिनिधिसभाको अर्को बैठक आज बिहान ११ बजे बस्नेछ ।

## गुल्मीमा तीन सय पाँच प्रजातिका चरा भेटिए

**गुल्मी,** चैत १८/जिल्लाको रेसुङ्गा र मदाने संरक्षित वन क्षेत्र आजभोलि दुर्लभ चराहरुको मुख्य आश्रयस्थल बनेको छ । यस क्षेत्रमा विश्वमा पाइने दुर्लभ चरामध्ये छ प्रजातिका चराहरु पाइन्छन् । रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा दुर्लभ चराको बासस्थान रहेको नेपाल पन्छी संरक्षण संघ गुल्मीका परियोजना अधिकृत भरत पन्थीले जानकारी दिए । उनका अनुसार दुर्लभ प्रजातिका चरामध्ये रेसुङ्गा क्षेत्रमा चिरकालिज, रणमच्च महाचिल, डङ्गर गिद्द, सोतो गिद्द, सुन गिद्द र गोमायो महाचिल छन् ।

रेसुङ्गा र मदाने वन क्षेत्रमा नेपालमा मात्र पाइने काँडे भ्याकुर पाइने परियोजना अधिकृत पन्थीले बताए । उनका अनुसार नेपालमा पाइने आठ सय ९२ प्रजातिका चरामध्ये गुल्मीमा मात्र विभिन्न प्रजातिका ३५ प्रतिशत चरा रहेका छन् । पन्छी संरक्षण संघले गरेको चरा गणनाअनुसार रेसुङ्गा क्षेत्रमा दुई सय ५९ प्रजाति र मदाने क्षेत्रमा दुई सय ७२ प्रजातिका चरा फेला परेका परियोजना अधिकृत पन्थीले जानकारी



दिए । जिल्लाका दुईवटा वन संरक्षण क्षेत्रमा गरिएको पछिल्लो अध्ययनअनुसार दुवै क्षेत्रमा गरी तीन सय पाँच प्रजातिका चरा भेटिएका भन्दै यो संख्या नेपालमा पाइने प्रजातिमध्येको ३५ प्रतिशत रहेको उनले बताए । विश्वमा नेपालमा मात्र पाइने काँडेभ्याकुर रेसुङ्गा वन क्षेत्रमा मात्र पाइने भएकाले यसको संरक्षण निकै चुनौतीपूर्ण बन्दै गएको सरोकारवाला बताउँछन् । यो प्रजाति अति संकटापूर्ण अवस्थामा रहेकाले यसको बासस्थानलाई जोगाई राख्नुपर्नेमा यहाँका सरोकारवालाले जोड दिएका छन् । पन्छी संरक्षण संघले जिल्लामा जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रम मार्फत दुर्लभ चराको खोजी गर्दै आइरहेको छ ।

*(..बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## 'अप्रिल फूल' : होसियार रहौं

हरेक वर्ष अप्रिल एक तारिखको दिन 'अप्रिल फूल' अर्थात् विश्व मूर्खा दिवस मनाउने गरिन्छ । आज यो वर्षाको अप्रिल फूल अरूलाई मुर्ख बनाएर रमाइलो गरिदै छ । मुर्ख दिवसलाई "अप्रिल फूल" अर्थात् 'फुलिस डे'को नामले पनि चिनिन्छ । यो दिवस लगभग विश्वभरी नै मुर्ख दिवसका रूपमा मनाइने गरिन्छ । हरेक देशमा आ–आफ्नो ढंगले यो दिवस मनाइए पनि हरेक व्यक्तिको उद्देश्य चाहिँ रमाइलो गर्नु नै हो । मानिस एक सामाजिक प्राणी हो । उसलाई विभिन्न मनोरञ्जनका कार्य आवश्यक पर्छ । यस्ता किसिमका दिवस या पर्वहरूले मानिसलाई आमोदप्रमोद प्राप्त गर्न मद्दत मिल्छ । यस्तै थुप्रै संसारभरिका विभिन्न जातजाति, धर्म, भेषभूषा, चलनचल्ती र भाषाभाषीहरूको आ–आफ्नो मौलिक संस्कृति पनि हो । यस्ता किसिमका परम्पराहरूलाई सम्बर्द्धन तथा जगेर्ना गर्नु सम्पूर्ण मानवहरूको परम कर्तव्य पनि हो । तर रमाइलोका नाममा कसैले दुख र सास्ती पाउनु राम्रो हैन । यस दिन नेपालसहित विश्वभरका मान्छेहरु एक अर्कालाई मुर्ख बनाउने र झुट बोल्ने, ठट्टा गर्ने गर्दछन् । यसबाट होसियार चाही रहनुपर्छ ।

यहाँ आजको दिन एकाबिहानैदेखि दिनभर नै कयौंलाई मुर्ख बनाएर हाँसो मज्जा गरी मनाइन्छ । यस दिवसको सन्दर्भमा साधारण हाँसो र ढाँट्ने क्रममा धेरैले असाधारण घटनाको सामना समेत गर्नुपरेका समाचार पनि सुन्नमा नआएको होइन । मज्जा गर्ने नाममा अरुलाई दुःख दिनु चाही राम्रो होइनन् । कुनै पनि संकृति पर्व र दिवस मनाउँदा त्यसको मौलिकताको अनुसरण गर्नुपर्छ । तर क्षणिक मनोरञ्जनका लागि कसैलाई आघात पर्ने गरी गर्नु किमार्थ उचित हुँदैन । कसैलाई पनि असाधारण पीडा नदिई स्वच्छ र रमाइलो तरिकाले सामूहिक हाँसो र रमाइलो गरी मनाउनु राम्रो हुन्छ । यसले संस्कृतिलाई समेत थप प्रश्रय दिन्छ । पछिल्लो समयमा अप्रिल फुललाई मजाकको रुपमा लिई एकले अर्कालाई मुर्ख बनाउने प्रवृति बढेको देखिन्छ । विभिन्न सामाजिक सञ्जालमार्फत होस् वा फोन कल मार्फत होस् एक अर्कोलाई मुर्ख बनाइ रमाइलो गरिने भएतापनि कहिलेकाहीँ संवेदनशीलता ख्याल नगरी मजाक गर्दा कुनै अप्रिय घटनाहरु पनि घट्न सक्ने कुरालाई भने ख्याल गरिनु छ । कोही व्यक्तिलाई पनि हानिनोक्सानी नहुने गरी स्वच्छ वातावरणमा मर्यादापूर्वक तरिकाले मनोरञ्जनका लागि अप्रिल फस्ट अथवा मुर्ख दिवस मनाउनुपर्छ । यसर्थ दिवसमा कसैको मर्यादालाई आँच या अतिक्रमण नगरी यसलाई हाँसीहाँसी खुसीका साथ मनाऔं । झुट र ठट्टा गर्दा हसियार हौं ।

## Opinion @ Social Network

भाग्यको किताबमा धेरै कुराहरु लेखिएको थियो,
तर जिन्दगीले त्यही पाना च्यातिदियो जहाँ रहर अनि सपनाहरु लेखिएको थियो ।
*(दिनेश सुनारीको फेसबुक स्टाटस https://www.facebook.com/dinesh.sunari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ग्रामीण युवाहरूलाई विदेशिनबाट रोक्ने उपाय



**इन्द्रबहादुर बराल**

*आजको दुनियाँ एउटै गाउँ भइसकेको सन्दर्भमा कुनै एउटा देशको भौगोलिक सिमानाले त्यहाँका नागरिकलाई थुनेर वा छेकेर राख्न सक्ने स्थिति देखिँदैन । तर, यहाँ यसैलाई ठूलो मुद्दा बनाएर राजनीतिक पेशा बनेको छ । राजनीति त स्पष्ट नीति, विचार, सिद्धान्त र आदर्शबाट चल्नुपर्छ तर यहाँ त्यस्तो देखिएन । यहाँ त राजनीतिको नाममा झुट र भ्रमको खेती मौलाइरहेको छ । आज नेपाली समाज त्यहीँ झुट र भ्रामक प्रचारको पछि लागिरहेको प्रष्ट अनुभूति हुन्छ । यसर्थ समाजलाई सही र सत्यको मार्गमा डोहोऱ्याउने निष्पक्ष, स्वतन्त्र सामाजिक अभियन्ताको खाँचो टड्कारो महसुस हुँदैछ । यसतर्फ सबै जिम्मेवार नेपाली नागरिकको ध्यान जान अब ढिला भइसकेको छ । मानिसहरूले गाउँगाउँमा भए गरेका विकासबारे कुनै चर्चा छैन । गाउँघरमा पुगेको विकासका सम्बन्धमा चर्चा छैन । त्यस विकासबाट लाभान्वित हुनतिर नलागी नेपाली युवाहरू आज यति उडे उति उडे आदितिर मात्रै ध्यान केन्द्रित देखिन्छ ।*

कुनै समयमा नेताहरूका भाषण सुन्न लायकको हुन्थ्यो । ती भन्थे कि अब सिंहदरबारको अधिकार गाउँ गाउँसम्म पुग्छ वा पऱ्याउँछौं । दलहरू तथा नेताहरूबाट यस्तो प्रतिबद्धता आउनुले निसन्देह आमनागरिकमा उत्साह हुने नै भयो । हुन त प्रजातन्त्र पुनर्स्थापनापश्चात् नागरिकहरूको जीवनमा निकै ठूलो सकारात्मक परिवर्तन नआएको पनि होइन । तथापि ती सकारात्मक परिवर्तनलाई केही भ्रष्टाचार र भ्रामक प्रचारबाजीले आमनागरिकमा नकारात्मक छाप पर्न गएको छ । मानौं नेपालीहरूमा गलत र भ्रामक प्रचारले महत्व पाइराखेको अवस्था देखिन्छ । यद्यपि हरेक कालोबादलमा चाँदीको घेरा हुन्छ भनेजस्तै पक्कै यहाँ शासकहरूबाट भ्रष्टाचारमात्रै भएको छैन, अवश्य उल्लेख्य उपलब्धि पनि भएका छन् । तर, ती उपलब्धिलाई भ्रष्टाचारका केही घटनाले छोपिदिएको छ । शिक्षा, स्वास्थ्य, सञ्चार र सडक सञ्जालमा भएका प्रगतिलाई अध्ययन विश्लेषण नै नगरी जथाभावी गैरजिम्मेवार ढंगले लेखिने, बोलिने गरेको पाइन्छ, जसले सर्वसाधारण नागरिकमा व्यापक भ्रम सिर्जना गरिदिएको छ । बोल्ने र लेख्नेहरूले कम्तीमा शिक्षा, स्वास्थ्य, सञ्चार र यातायातको क्षेत्रमा आएको परिवर्तनलाई नजरअन्दाज गर्दा कालान्तरमा त्यसको गलत सन्देश जानेछ । कहिलेकाहीँ अन्धराष्ट्रवादले अनरगल होहल्ला मच्चाएर समाजमा अशान्ति फैल्याइरहेको पनि हुन्छ ।

अहिलेको वातावरण नै नकारात्मक भएको र समाजमा अशान्ति सिर्जना गर्न सहज परिस्थितिको निर्माण गरिरहेको प्रतीत हुन्छ । केबल निहित राजनीतिक स्वार्थका लागि सामाजिक वातावरण धमिल्याउने काम जोडतोडले भइरहेको सन्दर्भलाई ध्यानमा राख्दा कतै हामीले विभिन्न चरणमा भए गरेका आन्दोलनबाट प्राप्त उपलब्धि गुमाउँदै त छैनौं भन्ने प्रश्न खडा भएको छ । आजभोलि लोकतन्त्रविरोधी शक्तिहरूले मुन्टो उठाउँदै गरेको प्रसंग धेरै गम्भीर प्रकृतिको छ । आजको दुनियाँ एउटै गाउँ भइसकेको सन्दर्भमा कुनै एउटा देशको भौगोलिक सिमानाले त्यहाँका नागरिकलाई थुनेर वा छेकेर राख्न सक्ने स्थिति देखिँदैन । तर, यहाँ यसैलाई ठूलो मुद्दा बनाएर राजनीतिक पेशा बनेको छ । राजनीति त स्पष्ट नीति, विचार, सिद्धान्त र आदर्शबाट चल्नुपर्छ तर यहाँ त्यस्तो देखिएन । यहाँ त राजनीतिको नाममा झुट र भ्रमको खेती मौलाइरहेको छ । आज नेपाली समाज त्यहीँ झुट र भ्रामक प्रचारको पछि लागिरहेको प्रष्ट अनुभूति हुन्छ । यसर्थ समाजलाई सही र सत्यको मार्गमा डोहोयाउने निष्पक्ष, स्वतन्त्र सामाजिक अभियन्ताको खाँचो टड्कारो महसुस हुँदैछ । यसतर्फ सबै जिम्मेवार नेपाली नागरिकको ध्यान जान अब ढिला भइसकेको छ । मानिसहरूले गाउँगाउँमा भए गरेका विकासबारे कुनै चर्चा छैन । गाउँघरमा पुगेको विकासका सम्बन्धमा चर्चा छैन । त्यस विकासबाट लाभान्वित हुनतिर नलागी नेपाली युवाहरू आज यति उडे उति उडे आदितिर मात्रै ध्यान केन्द्रित देखिन्छ । अब गाउँलाई आवाद गरेर गुल्जार बनाउन लाग्नुपर्ने समयमा हामी अन्य विषयमा कतै बरालिएका त छैनौं ? बसाइँसराइ रोक्न 'चाणक्य' नीति अवलम्बन गर्नु आवश्यक छ । त्यो हो नागरिकका लागि सहजै उपलब्ध हुन ती मुख्य कुरा :- (क) वेदपाठी अर्थात् शिक्षा (ख) वैद्ध अर्थात स्वास्थ्य र (ग) साहु महाजन अर्थत् बन्दव्यापार ( बजार व्यवस्था) भएमात्रै बसाइँसराइबाट मानिसहरूलाई रोक्न सकिन्छ न कि फोस्रा भाषणबाट । यहाँ वेदपाठी, बैद्ध र साहुमहाजन शब्द चाणक्य नीति अनुसार लिइएको हो ।

वेदपाठी अहिलेको समयमा समयानुकूल शिक्षा, बैद्ध भनेको अस्पतालमा दिइने स्वास्थ्य सेवा र साहुमहाजनको ठाउँमा बजारीकरण हुनु हो जुन न्यूनतम या आधारभूत आवश्यकता हुन् ती आवश्यकता परिपूर्ति गर्न स्थानीय तहलाई अधिकार सम्पन्न गराएमात्र त्यो गर्न सम्भव छ । यद्यपि स्थानीय तहमा विगतको तुलनामा विकासको गति फवात्तै बढेको छ । यो यथार्थलाई नजरअन्दाज गर्दै केही पनि भएन भन्नु राजनीति पूर्वाग्रह हो । हामीले २०४६ सालभन्दा पहिलेको अवस्थासँग तुलनात्मक अध्ययन विश्लेषण नगरी सत्य तथ्यको नजिक पुग्न सकिँदैन । नेपाली समाज पूर्वाग्रहपूर्ण राजनीतिक प्रोपोगण्डाले नराम्रोसँग गजेटिएको छ । वास्तविकता नबुझी हल्लाकै पछाडि लाग्दा समाज दिग्भ्रमित भएको छ । हो एउटा सत्य के हो भने भ्रष्टाचारका कारण केही अनुचित आर्थिक लाभ लिनेहरूबाट आमनागरिकमा नकारात्मक सन्देश प्रवाह हुनगएको छ । यस्ता भ्रष्ट र भ्रष्टाचारीलाई आफ्नो अर्को नभनी कानुनको दायरामा ल्याउनुपर्छ र चुवाहट भएको पैसा गाउँकै विकासमा खर्चिनुपर्छ । सरकारी नीति ग्रामीणमुखी हुनसके निःसन्देह बसाइँसराइ स्वतः रोकिन गई गाउँघर हराभरा आबाद गुल्जार हुनेमा कुनै शंकै छैन । तसर्थ नकारात्मक प्रचारप्रसार गर्नेहरूसँग होसियार रहौं ।

भ्रामक प्रचारबाट उत्पन्न हुने अन्यौलमा रमाउनेहरू देशमा विकासको अवरोध बन्दैछन् । वातावरण शान्त त स्वस्थ रहे गाउँको विकासले गति समातिहाल्छ । शिक्षा, स्वास्थ्य र बजारीकरणको उचित प्रबन्ध हुने बित्तिकै बसाइँसराइको क्रम रोकिनेमात्रै होइन बसाइँसराइ गरी शहर गएकाहरू पुरानै थलोमा फर्कने क्रम बढ्दै जानेछ । बिरामी पर्दा उपचार चाहिएको छ भने पढ्नका लागि राम्रो स्कुल कलेज र दैनिक उपभोग्य वस्तु सहजै उपलब्ध भएपछि किन मानिसहरू बसाइँ सराइको खोजीमा भौतारिन्छन्, तिनै आधारभूत आवश्यकताको अभावमा बसाइँसराइ रहरमात्रै नभई बाध्यता पनि भएको छ । यसर्थ राज्य वा सरकारले ग्रामीणमुखी विकासलाई उच्च-प्राथमिकता राखी नीति निर्माण गर्नु आवश्यक छ ।

जब सडक सबै जिल्ला सदरमुकाम मात्रै होइन अधिकांश गाउँहरूमा पुऱ्याइन्छ तब गाउँहरू स्वभावैले शहरीकरण उन्मुख हुन्छन् । सडकयातायात पुगेपछि त्यहाँ बजार विकास हुन्छ, शिक्षा र स्वास्थ सेवा पुग्न कुनै गाह्रो कुरा हुँदैन । यसर्थ गाउँहरूलाई आबाद, गुल्जार तथा हराभरा बनाउनतिर सबै लाग्नु जरुरी छ । न्यूनतम पूर्वाधार गाउँमा पुगेपछि आफसेआफ बसाइँसराइ रोकिन्छ । गाउँलाई सुबिधासम्पन्न बनाउन अभिप्रेरित गर्छ र युवाहरूको विदेशिने क्रम रोकिन्छ । सडक यातायातको सुबिधा, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध भएपछि गाउँ छोड्ने क्रम आफैँ रोकिन्छ । रोजगारी त कृषिजन्य उद्योगले नै दिइरहेको हुन्छ । आज यस्तो प्रचुर सम्भाव्यता बोकेको ग्रामीण क्षेत्र त्यसै बञ्जर (बाँझो) भएर फालिएको छ । अब राज्यको ( सरकारको) गम्भीर ध्यान ग्रामीण विकासमा जानुपर्छ जसले तीव्रगतिमा गाउँ छोड्ने क्रम रोक्न सकोस् । त्यसैले पहिले समस्या बुझ्नुपऱ्यो कि किन मानिसहरू बसाइँसराइ गरिरहेका वा गाउँ छोडिरहेका छन् । एउटा सानो उदाहरण- धेरैजसो खाडी र मलेसियामा कामको खोजीमा गएका व्यक्तिका परिवारका सदस्य छोराछोरीको शिक्षादीक्षा तथा औषधि उपचारको लागि भनी कम्तीमा नजिकको बजारमा झर्ने गरेको तथ्यसँग हामी सबै परिचित छौं । चुरो कुरो बसाइँसराइ त्यही कारणले भएको हो ।

सरकारले यतिमात्रै गर्न तत्परता देखाउने बित्तिकै नेपालका गाउँहरूले कोल्टे फेर्न कुनै पर्लयको विषयनै बन्दैन । गाउँबाट विकासको लहर ल्यायौं भने त्यो विकास तुरुन्त देशको राष्ट्रिय उत्पादकत्वमा जोडिन पुग्छ । आर्थिक विकासलाई नेपाल सानोबाट शुरुवात गर्नुपर्छ । ग्रामीण उत्पादकत्वले विशेष गरेर कृषिजन्य वस्तुहरूको आयातमा कटौती हुने निश्चित छ । त्यस कारण ग्रामीण क्षेत्रको विकास आवश्यक र अपरिहार्य देखिँदै छ । गाउँमा जब सडक यातायात हुन्छ तब त्यहाँ ससाना बजार प्रबर्द्धधन हुन्छ अनि शिक्षा र स्वास्थ्यको उचित व्यवस्था हुँदै जाँदा आन्तरिक बसाइँसराइ रोकिनेमात्रै होइन विदेशतिर पलायन हुने क्रम पनि क्रमशः घट्दै जाने अनुमान गर्न सकिन्छ । तर, अहिले त विकासका न्यूनतम पूर्वाधार गाउँगाउँमा पुगे पुऱ्याइए पनि मानिसहरूलाई रोक्न सकिएको छैन । तसर्थ गाउँको विकासका आधार के के हुन् पहिले त्यो यकिन हुन जरुरी छ । कसरी बसाइँसराइ र युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न सकिन्छ त्यहीँ अनुरूपको ग्रामीण विकासको मोडालिटी बनाउन अत्यावश्यक भइसकेको छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
- बुटवल ०७१–५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१–५४१२३३
- भैरहवा ०७१–५२०१९९
- अर्घाखाँची ०७७–५२११९९
- गुल्मी ०७९–५२०१९९
- परासी ०७८–५२०१९९
- तौलिहवा ०७६–५६००९९
- पाल्पा ०७५–५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१–५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
- पिचन्द्र परासी ०७८–५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
- बुटवल हस्पितल ०७१–५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१–५४४६००
- लियो क्लब अफ बुटवल ०७१–५४५८९३
- रेडक्रस भैरहवा०७१–५२०२६३
- रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
- परासी ०७८–५२०१२५
- रेडक्रस पाल्पा ०७५–५२०६००
- रेडक्रस तौलिहवा ०७६–५६००१५
- रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९–५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६–६९०१०२
- रेडक्रस देवदह ०७१–५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन् । शुभारम्भको चर्चा चल्नेछ । | **तुला** : प्रेम जीवन सफल र सुखद् रहने देखिन्छ । इच्छाहरु पूर्ण हुनेछ । |
| **वृष** : विपक्षीको छलकपट तथा जाल झेलबाट सावधान रहनुपर्नेछ । | **वृश्चिक** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । प्रेमीको सहयोग भने पाइनेछ । |
| **मिथुन** : सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला । | **धनु**: श्रमको उचित मूल्याङ्कन हुनेछ। दिनको उत्तरार्ध बढी सुखद् रहनेछ । |
| **कर्कट** : आँटेको कार्य पुरा होला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **मकर** : बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **सिंह** : अधुरो काम पूरा हुनेछ । व्यवसायका लागि यात्राको सम्भावना पनि छ । | **कुम्भ** : महिला मित्र बाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कन्या** : आम्दानी प्रशस्तै बढ्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । |



# बाह्र वर्षमै एसइई परीक्षा दिँदै पर्वतका एक छात्र



सामान्यतया एसइई दिने विद्यार्थीको उमेर १४ वर्षदेखि माथिको हुने गरेको पाइन्छ । पर्वतमा भने १२ वर्षीय एक छात्र बिहीबारदेखि सञ्चालित एसइई परीक्षामा सहभागी भएका छन् । दक्षिण पर्वतको पैँयुँ गाउँपालिका-४ मा रहेको जनसेवा संस्कृत माध्यमिक विद्यालय केन्द्रबाट १२ वर्षीय शक्ति अधिकारीले एसइई दिएका हुन् । उनी सोही गाउँपालिका-६ सरौखोलास्थित विनु मावि‌मा अध्ययनरत विद्यार्थी छन् । अधिकारी पर्वतबाट एसइई दिने विद्यार्थीमध्ये सबैभन्दा कम उमेरको रहेका जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख उद्धिमराज पौडेलले जानकारी दिए । उनका अनुसार २०७८ सालभन्दा अघि एसइई दिने पाउने उमेरको हद १५ वर्ष थियो । विसं २०७८ मा शिक्षा नियमावलीअनुसार एसइई दिने परीक्षार्थीको उमेर हदबन्दीमा उक्त व्यवस्था परिवर्तन गरिएपछि कम उमेरका विद्यार्थीले पनि दिन पाउने भएको पौडेलले बताए । विनु मावि सरौखोलाका प्रधानाध्यापक खगेन्द्र तिवारीले एसइईको फारम भर्दा पनि सोही जन्ममिति रहेकाले विद्यार्थीले सानै उमेरदेखि पढेका बताए । कम उमेरदेखि नै विद्यालय गएकाले अधिकारीले १२ वर्षमै एसइई दिन सफल भएका उनको भनाइ छ । तिवारीका अनुसार अधिकारीले पहिला निजी विद्यालयमा पढेका थिए । यहाँ पढ्न आउँदा उनी कक्षा कक्षा ८ मा भर्ना भएको उनले बताए । निजी विद्यालयबाट सामुदायिक विद्यालयमा आउँदा कक्षा परिवर्तन गरेकाले पनि चाँडो एसइई दिएको हुनसक्ने तिवारीको भनाइ छ ।

यसैगरी, सोही विद्यालयबाट जिल्लामै सबैभन्दा बढी उमेरका अर्का परीक्षार्थीले पनि एसइई परीक्षामा सहभागी भएका छन् । विद्यालयका नियमित छात्र ४० वर्षीय दुर्गाप्रसाद भुर्तेलले जनसेवा संस्कृति मावि केन्द्रबाट परीक्षा दिएका हुन् । कक्षा सातसम्म पैँयुँ-५ क्यामुनेभन्ज्याङ मावि‌मा अध्ययन गर्नुभएका भुर्तेल कक्षा ८ मा विनु मावि‌मा भर्ना हुनको थियो । उनी नियमित विद्यालयमा हाजिर भएरै कक्षा लिइरहने विद्यार्थी रहेको विद्यालयका प्रअ तिवारीले बताए । कक्षा ७ सम्म अध्ययन गरेपछि बीचमा छुटेर पुनः विद्यालय भर्ना भएकाले जिल्लामै सबैभन्दा बढी उमेरको विद्यार्थीमा भुर्तेल देखिएका तिवारीले बताए । पर्वतका १७ परीक्षा तोकिएको शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ । जिल्लाभर शान्तपूर्वक परीक्षा भइरहेको भन्दै विगतका वर्षभन्दा यस वर्ष थप मर्यादित रहेको पाइएको कार्यालय प्रमुख उद्धिमराज पौडेलले बताए । *-रासस*

# बारम्बार कसरी हराउँछन् त्रिभुवन विश्वविद्यालयका उत्तरपुस्तिका ?

**कृष्णसिंह धामी**

त्रिभुवन विश्वविद्यालय (त्रिवि) मा विभिन्न विषयमा चरम लापर्बाही देखिन्छ । तीमध्ये एउटा उदाहरण हो उत्तरपुस्तिका हराउनु । यो समस्या वर्षौंदेखि विद्यमान छ । विगतमा उत्तरपुस्तिका हराएपछि गुपचुपमै पुनः परीक्षा गरिन्थ्यो । कुनैकुनै विषयमा त उत्तरपुस्तिका हराएपछि कापी परीक्षण नै नगरी विद्यार्थीलाई स्वतः पास गराउने गरेको कर्मचारीहरू बताउँछन् । त्रिविका एक प्राध्यापकका अनुसार केही समय अगाडि उत्तरपुस्तिका हराएको पाइयो । परीक्षामा हाजिरी देखियो तर, उत्तरपुस्तिका नभेटिएपछि अघिल्लो वर्षमा ती विद्यार्थीको जति नम्बर आएको थियो, उक्त परीक्षामा समेत सोही आधारमा नम्बर दिइएको उनले बताए । एक पटक स्नातक तहको प्रथम वर्षका एक विद्यार्थीले परीक्षामा एक घण्टासम्म केही पनि लेखेनन् । एक घण्टापछि शौचालय जाने बहानामा उत्तरपुस्तिका नै बोकेर उनी घरतिर लागेछन् ।

गार्डले कक्षा कोठाबाट बाहिर निस्केर गेटमा पुगेको देखेपछि सुरक्षाकर्मीलाई समाउन लगाए । ती परीक्षार्थीलाई गार्डले समातेर उत्तरपुस्तिकासहित ल्याए । धन्न उनी भाग्न पाएनन् । उनी भागेको भए उत्तरपुस्तिका हराएको हुने थियो र उनलाई पनि पास गर्नुपर्ने हुन्थ्यो । यस्ता खालका घटना त्रिविमा सामान्य जस्तै भइसकेका छन् । यतिबेला भने दुई वटा विषयका उत्तरपुस्तिका हराएको विषय चर्चामा छ । स्नातक तह प्रथम वर्ष जनसंख्या 'पीओपी-४२२' विषयको उत्तरपुस्तिका हराएको छ । त्यस्तै अछाम परीक्षा केन्द्रबाट स्नातक तह प्रथम वर्षकै 'फाउण्डेशन अफ एजुकेशन ४१२' विषयको समेत उत्तरपुस्तिका हराएका छन् । दुवै विषयलाई परीक्षा नियन्त्रण कार्यालय ( पनिका) ले गुपचुप राख्न खोजेको थियो । उक्त विषय सार्वजनिक भएपछि पनिकाले पुनः परीक्षा सञ्चालनको प्रक्रिया अगाडि बढाएको छ । जनसंख्या विषयको उत्तरपुस्तिका हराएको क्याम्पसहरूको मात्रै चैत २१ गतेदेखि पुनः परीक्षा सञ्चालन गर्ने भएको छ । उक्त प्रकरण पनिकाले आन्तरिक छानबिन थालेको छ । त्यस्तै उपकुलपति कार्यालयले समेत छानबिन थालेको छ । उपकुलपति प्राडा केशरजंग बरालले उत्तरपुस्तिका हराएको विषयमा दोषी देखिएकालाई कारबाही गर्ने प्रतिबद्धता जनाएका छन् । उनले छानबिन समिति गठन गरेर सात दिनभित्र छानबिन गर्न र दोषी पत्ता लगाउन निर्देशन दिएका हुन् ।

**बारम्बार हराउँछन् उत्तरपुस्तिका**

त्रिविमा विद्यार्थीका उत्तरपुस्तिका हराउनु सामान्यजस्तै बनेको छ । २०७८ सालमा पनि झापाको दमक बहुमुखी क्याम्पसका विद्यार्थीको उत्तरपुस्तिका हराएको थियो । चार वर्षे बीबीएसको चौथो वर्षको रिजल्ट निकाल्ने बेलामा उत्तरपुस्तिका नै हराएपछि पुनः परीक्षा लिइएको थियो । २०७८ पुस २७ मा लिइएको 'बिजनेस रिसर्च मेथड्स' को उत्तरपुस्तिका हराएपछि २०७९ पुस २४ मा पुनः परीक्षा लिइएको थियो । एक वर्ष बित्दा पनि रिजल्ट नआएको भन्दै विद्यार्थीले आन्दोलनसमेत गरेका थिए । त्यसपछि जाँच लिएको ५ दिनमै नतिजा सार्वजनिक गरिएको थियो । त्यस्तै २०७४ सालमा बीबीएस तेस्रो वर्षको नतिजा प्रकाशन गर्ने बेलामा सिन्धुली बहुमुखी क्याम्पसका ६९ जना विद्यार्थीको उत्तरपुस्तिका हराएपछि पुनः परीक्षा दिनुपरेको थियो । २०७३ सालमा स्नातक तह अन्तर्गत बीएडको नेपाली विषयको उत्तरपुस्तिका समेत हरायो । महेन्द्ररत्न क्याम्पसबाट परीक्षा दिएका विद्यार्थीहरूको नतिजामा अनुपस्थित देखिएको थियो । पछि बुझ्दै जाँदा उत्तरपुस्तिका जाँचकीको लापरबाहीका कारण हराएको पाइयो । त्यतिबेला उत्तरपुस्तिका हराउने नेपाली विषयका एक प्राध्यापकलाई सामान्य कारबाही गरियो । त्यस्तै पब्लिक युथ क्याम्पसमा एमबीएस प्रथम वर्षको एकाउन्टिङ विषयको १९५ जना विद्यार्थीको उत्तरपुस्तिका हराएको थियो ।

**किन हराउँछ उत्तरपुस्तिका ?**

पनिकाले कुनै पनि विषयको परीक्षा सञ्चालन गरिसकेपछि उत्तरपुस्तिका परीक्षण गर्न सम्बन्धित विषयका प्राध्यापकहरूलाई दिन्छ । प्राध्यापकहरूलाई उत्तरपुस्तिकाको गणना गरी पोको पारेर परीक्षण गर्न घरै लैजाने सुविधा दिन्छ । तर, कतिपय प्राध्यापकले घरमा लगेर राखेको लामो समयसम्म पनि परीक्षण नगर्ने गरेको पनिकाको आरोप छ । उनीहरू कापी थन्क्यार अन्य काममा नै व्यस्त हुने र उत्तरपुस्तिका परीक्षणमा निकै लामो समय पनिकाका एक सह-परीक्षा नियन्त्रकले बताए । लामो समयसम्म परीक्षण नगरी बस्ने र परीक्षण गर्नुपरे हतारमा परीक्षण गर्ने कारण नतिजामा लापर्बाही हुने गरेको ती सहनियन्त्रकको भनाइ छ । उनका अनुसार उत्तर पुस्तिका हराउने विभिन्न कारण छन् । घरमा लगेर मनपरी गर्ने, परीक्षण गरिसकेका उत्तरपुस्तिका सम्बन्धित कार्यालयमा बुझाइसकेपछि पनि हराउने गरेको उनले बताए । 'ठुलो संख्यामा उत्तरपुस्तिका हुँदा कहिलेकाहीँ हराउनु सामान्य मानिन्छ । त्यसमा विभिन्न कारण हुन्छन्,' ती सहनियन्त्रकले भने, 'उत्तरपुस्तिका परीक्षण गराउनेका हातबाट पनि हराउनसक्छ । यता आइसकेपछि पुराना र नयाँ उत्तरपुस्तिका मिसिएर पनि हराउन सक्छन् ।' काम गर्ने क्रममा कहीँ कतै कमजोरी हुने गरेको भन्दै उनले यस्ता खालका गल्ती नदोहोऱ्याउने गरी काम गर्नुपर्नेमा जोड दिए । प्रजातन्त्रवादी प्राध्यापक संघ नेपालका सचिव विष्णुप्रसाद पोखेलले उत्तरपुस्तिका हराउनुमा परीक्षा नियन्त्रण कार्यालयको चरम लापर्बाही भएको बताए । उत्तरपुस्तिका परीक्षण गर्नेले २० दिनभित्रमा उत्तरपुस्तिका परीक्षण गरेर बुझाइसक्नुपर्ने प्रावधान रहे पनि उक्त समयमा कसैले उत्तरपुस्तिका नबुझाउने उनको भनाइ छ । यसरी उत्तरपुस्तिका हराउनु भने एकदमै चरम लापर्बाही भएको उनको भनाइ छ । यसमा जिम्मेवार पदमा रहेकाको चरम लापर्बाही रहेको भन्दै उनले भने, 'सम्बन्धित कर्मचारीको पूर्णरुपमा कार्यसम्पादनमा कमजोरी हो ।' पनिकाले व्यवस्थित गर्न नसक्दा तथा जिम्मेवार पदाधिकारी सचेत नहुँदा यस्तो खालको समस्या देखिने गरेको उनको भनाइ छ । अरुले गरेको गल्तीका कारण विद्यार्थीको भविष्यमाथि खेलबाड हुने गरेको उनले बताए । पटक पटक उत्तरपुस्तिका हराउने विषयमा त्रिविले समेत गम्भीर रुपमा नलिएको भन्दै उनले बेलाबेला यस्ता खालका समस्या आउने तर, देखाउनका लागि नाममात्रको छानबिन गर्ने गरेको बताए । *-रातोपाटी डटकम*

# स्नातक नपढाई सन्तानलाई बेलायत पठाउनुअघि सोचौं

**जगन कार्की**

हिजोआज १२ कक्षा पास गरेपछि अधिकांश विद्यार्थी विदेश जान चाहन्छन् । कलिलो जवानीमा चरा झैं उडेर विश्वभर जाने जोश र रहर पलाउनु राम्रो कुरा हो । अदम्य साहस, सृजनशीलता र हौसला बढ्नु सकारात्मक हो जसले जीवनमा केही गर्ने प्रेरणा र शक्ति प्रदान गर्छ । तर जोसमा होश गुमाउँदा यही उमेरबाट जीवन बर्बादीतिर पनि धकेलिन सक्छ । नयाँ पुस्तासँग सामाजिक सञ्जाल, साथीभाइ, मिडियामार्फत विश्वको जानकारी र भर्चुअल अध्ययन भ्रमण गरे प्रत्यक्ष जान्न, बुझ्न सक्ने क्षमता हुन्छ । तर होश गुमाउन मलजल गर्ने सामाजिक सञ्जाल, विदेश जानु नै जीवनको अन्तिम सत्य हो भन्ने भ्रमपूर्ण राष्ट्रिय भाष्यबाट सजग र मुक्त रहनु आजका नेपाली युवा-युवतीको चुनौती हो । भर्खरै १२ कक्षा उत्तीर्ण गरेका विद्यार्थीले आफ्नो भविष्यको बारेमा परिपक्व निर्णय गर्न सक्दैन । अझ विदेशमा आइपर्ने समस्यासँग लड्न पर्याप्त अनुभव त हुँदैहुँदैन । हाम्रो शिक्षा प्रणालीले प्रतिस्पर्धाको युगमा कसरी आफूलाई अब्बल बनाउने भन्ने पूर्वतयारी गर्न सिकाएको हुँदैन । सम्बन्धित देशमा गएका विद्यार्थी र अन्य जानकारसँग सोधखोज गर्ने, सम्भावित समस्या र चुनौतीबारे जानकारी लिने, अनुसन्धान गर्ने काममा पनि चासो कम देखिन्छ । नेपालमा नै रहेर पढ्न र गरिखान गाह्रो हुने अवस्थामा भएका विद्यार्थीले विदेशमा गएर नसोचेको दुःख पाउन सक्छन् । किनकि विदेशमा थालथालमा खाना र खर्च दिने न बा-आमा हुन्छन् न काकाबाजे ! न त नेपालमा भएका आफन्तले चाहेर पनि विदेशको खर्च व्यहोरिरहन सक्छन् ।

हिजोआज विदेश जान रहर गर्ने अधिकांशले हचुवा र देखासिकीको भरमा निर्णय लिइसकेपछि, ऋणपानमा कलेजलाई पैसा तिरेपछि मात्र बल्ल यसबारे खोज-अनुसन्धान गर्न थालिएको पाइन्छ । यो उल्टो र दुःखको बाटो हो । रिसर्च पनि सस्तो कोर्स कहाँ पाइन्छ भनेर गरेको पाइन्छ । अभिभावकले पनि पढ्न पठाउने कोर्स, विश्वविद्यालय, आवास, कामको अवसर र खर्चको लेखाजोखा गर्ने लेठो गरेको पनि पाइँदैन । यसका लागि सामाजिक सञ्जाल, अनलाइन जानकारी, विदेश रहेका आफन्त, साथीहरू जानकारीको स्रोत हुनसक्छन् । अभिभावकले खाडीमा पसिनासँग साटेको र खेतबारी बेचेको रकम, ऋण लगानी गरेर विदेश जाने बित्तिकै आकाशबाट जागिर, पैसा, शिक्षा थालमा आउँदैन । आप्रवासन नीतिमा कडाइ गरिरहेका गन्तव्य देशमा विना अध्ययन, तयारी र सीप वैदेशिक अध्ययनमा जानु ठूलो जोखिम उठाउनु हो । कम्तीमा स्नातकसम्म अध्ययन सकेपछि स्नातकोत्तर तह अध्ययन गर्न जानु धेरै दृष्टिले लाभदायक हुन्छ । यसरी आफ्नै भविष्यको बारे हचुवामा जोखिम लिनेले उसै पनि खास प्रगतिको हक र संभावना बोकेको हुन्नन् । काकताली परेर कोही सफल बन्नु बेग्लै कुरा हो । अझ विश्व बजारमा प्रवेश गरेर प्रतिस्पर्धा गर्दै आफूलाई अब्बल रूपमा प्रस्तुत गर्न तयार हुनु अर्को महाभारत छ ।

**बेलायतमा अध्ययन**

बेलायतको शैक्षिक प्रणाली विश्वका महँगा मध्येमा पर्दछ । बेलायतकै रैथाने सर्वसाधारणलाई पनि पैसा जुटाएर पढ्न धौ-धौ हुन्छ । उनीहरूले पनि सरकारी अनुदान वा ऋणमा पढिरहेका हुन्छन् । आप्रवासीको संख्या बढेपछि बेलायत सरकारले भिसा नियममा कडाइ गरिरहेको छ भने विद्यार्थी भिसामा आएकालाई यहीं बस्नबाट रोक्न कडा मापदण्ड अपनाइरहेको छ । फलतः विद्यार्थी भिसाबाट स्थायी बासिन्दा बन्न असम्भव प्रायः बन्दै गइरहेको छ । विदेशी विद्यार्थीहरूका डिपेन्डेन्टहरूलाई साथमा ल्याउन नदिएर लामो समय बस्न असजिलो बनाई आप्रवासीको संख्या घटाउने र अर्थतन्त्र पनि जोगाइराख्न सकिने बेलायती सरकारको रणनीति देखिन्छ । दक्ष जनशक्तिका लागि केयर गिभर, नर्स र सेफहरूलाई पनि भिसा दिएको भए तापनि केयर र सेफमा अत्यधिक दुरूपयोग भएको पाइएपछि डिपेन्डेन्ट ल्याउनलाई कडाइ गरिएको देखिन्छ । बेलायतमा विद्यार्थीलाई पढाइमा बाधा नहोस् भनेर हप्तामा २० घन्टा मात्र काम गर्न दिने नियम छ । यसअघि विद्यार्थीले आफ्नो डिपेन्डेन्ट श्रीमान्, श्रीमती वा सन्तान ल्याउन पाउँथे । अब यसमा पढाइ र परीक्षा मात्र हुने कोर्समा प्रतिबन्ध लगाइएको छ । डिपेन्डेन्टलाई ल्याउने सुविधा स्नातकोत्तर अनुसन्धान पाठ्यक्रमहरू ( रिसर्च डिग्रीहरू), विद्यावारिधि र सरकारी छात्रवृत्तिमा आएका विद्यार्थीले मात्र पाउनेछन् । विश्वविद्यालयहरू बेलायतका ठूला शहरमा मात्र होइन, दुर्गम ठाउँहरूमा पनि छन् । मुख्य शहरहरूमा काम पाउन तुलनात्मक रूपमा सजिलो छ तर शुल्क र अन्य खर्च महँगो हुन्छ । दुर्गम क्षेत्रमा शुल्क र आवास-खानपिन खर्च कम भए पनि काम पाउन गाह्रो हुन्छ । सस्तो कोर्स र विश्वविद्यालय खोजेर दुर्गम क्षेत्रमा पुगेकाहरूमध्ये अधिकांशले दुःख पाइरहेका छन् ।

साधारण हिसाब गर्दा पनि प्रति महिना खानामा २०० पाउण्ड, यातायातमा २०० पाउण्ड र लत्ता-कपडामा न्यूनतम १०० पाउण्ड, युकासको सन् २०२३ को लागत अनुमान प्रति महिना भाडा कम्तीमा ४५० पाउण्ड जोड्दा मासिक खर्च कम्तीमा ९५० पाउण्ड स्टर्लिङ हुनपुग्छ । सातामा २० घन्टा मात्र काम गर्न पाउने भएकोले विद्यार्थीले प्रति महिना ८८० पाउण्ड मात्र कमाउन सक्छन् । छुट्टीको बेला थोरै बढी काम गरे कमाइ र खर्च बराबरीसम्म हुने अवस्था हुन्छ, त्यो पनि काम पाएको अवस्थामा । पहिलो एक वर्ष जेनतेन टिके पनि दोस्रो वर्ष विश्वविद्यालयको शुल्क कहाँबाट ल्याउने ? एक वर्ष विश्वविद्यालय शुल्क १६ हजार पाउण्ड अर्थात् २६ लाख नेपाली हुन्छ । १ वर्षको तिरेर आएकाहरूले अर्को वर्ष शुल्क बुझाउन नेपालबाट ल्याउन नसके मुस्किल हुन्छ । नेपालबाट पहिलो वर्ष नै ऋण गरेर आएको हो भने त झन् अचाक्ली तनाव सुरू हुनेछ विद्यार्थी र परिवार सबैलाई । एक वर्ष काम र वातावरण बुझी नसकी अर्को वर्ष सुरू हुन्छ । घरबाट पैसा पेल्न नसके घरको सदस्यसँग नै नाता टुट्न सक्ने मात्र हैन मानसिक तनाव र ठक्करले युवाको भविष्य नै बर्बाद हुन सक्छ । यो तीनवर्षे कठिनाई भाग्यवश थेगेर पढाइ सक्नसके वर्क परमिटमा परिवर्तन गर्ने अवसर भए पनि अत्यधिक विद्यार्थी र पहिलादेखि नै काम गरिरहेकाहरूको अनुभवले नयाँलाई पाउने सम्भावना न्यून छ । नगदमा काम गर्न, २० घन्टा बढी काम गर्न आक्कलझुक्कल पाए पनि पढाइलाई निरन्तरता दिन गाह्रो छ । अविवाहित युवा युवतीहरूमा यो अलावा खुल्ला रूपमा पाइने गेम्बलिङ, नशालु पदार्थ, समाजको खुल्लापनको असरबाट बच्ने चुनौती पनि छ । बेलायतमा विद्यार्थीहरूको अत्यधिक चाप बढेसँगै हाल विद्यार्थीलाई काम पाउन गाह्रो छ । घरमा ढलेको गिलास नउठाएकाहरूले बेलायत आएर भुईं पुछ्ने, भाडा माझ्ने, भारी बोक्ने, गिलास उठाउने पार्ट टाइम काम गर्न हच्किनेसम्म पनि रहेका नेपाली युवाहरू पाइएको नेपालीलाई रोजगार दिने र रोजगारीमा परामर्श दिनेहरू बताउँछन् । काम पाइहाले पनि कमाइने एकप्रकारले पकेट खर्च मात्रै हो । बस्ने र खाने खर्चसम्म जुटाउन सकिए पनि पढ्ने खर्च जुटाउन सकिने अवस्था नै छैन । शैक्षिक परामर्शदाताले कमिसनको चक्करमा केही भाग्यवश सफल भएकाहरूको उदाहरण दिएर, अनावश्यक काम र कमाइको लोभ देखाएर बेलायत आउन प्रोत्साहन गरिदिने गरेकोले पनि विकृति बढेको छ । कमाउने र पढ्ने आशामा आएका विद्यार्थी काम नपाएर दुई साता टिक्न गाह्रो छ । खर्च नधानेर काम नपाए पढाइमा पनि राम्रो गर्न सकिरहेका हुँदैनन् । परीक्षामा असाइन्मेन्ट सकेका हुँदैनन् । कोर्ष पास गर्न नसक्दा मोडेल र सेमेष्टर फेल भइरहेका हुन्छन् । यस्ता परिस्थितिले विद्यार्थीहरूको मानसिक स्वास्थ्यमा असर गर्ने, कुलत र अपराधमा लाग्ने संभावना अति हुने गर्छ । दैनिक खाना, कोठा भाडा, यात्रा खर्च जोहो गर्न र ट्युसन फी तिर्न नसकेर मानसिक र स्वास्थ्य समस्या आएका विद्यार्थीहरूको संख्या उल्लेख्य बढेको छ । योभन्दा खराब केही अप्रिय घटना पनि घटेका छन् । परीक्षा समयमा पास नभए, नियमित कक्षामा नआए विश्वविद्यालयलाई विद्यार्थीको भिसा रद्द गरेर फर्काउने अधिकार हुन्छ । यस्तो समस्या नेपाली विद्यार्थीले उल्लेख्य मात्रामा व्यहोरिरहेका छन् । त्यसपछि स्वदेश फर्कनुको विकल्प रहन्न । २५-३० लाख दाउमा राखेर युवा छोराछोरीको भविष्यसँग भाग्यवादी जुवा हान्ने प्रवृत्ति अभिभावकमा बढेको छ । नेपालमा राख्न गाह्रो भयो, जेसुकै गरून् भन्ने सोचाइले गतिलो नतिजा दिँदैन । बेलायत पढ्न आउने आवेदनमा म पढ्न र खर्च धान्न सक्छु परिवारको प्रशस्तै आम्दानी छ भनिएको हुन्छ । त्यसैले यहाँको सरकारलाई आप्रवासी विद्यार्थीको परिवारको अवस्था चासोको विषय हुन्न । यहाँको विश्वविद्यालयले त बेलायत छोराछोरी पढ्न पठाउने अभिभावकलाई अर्बपति ठानेका हुन्छन् ।

स्नातकोत्तर पढ्न बेलायत आउन भने तुलनात्मक रूपमा ठिक छ भने स्नातक पढ्न आउनेलाई अत्यधिक जोखिम छ । यो उमेरमा यहाँ व्यहोर्नुपर्ने दुःख र तनाव झेल्न आवश्यक पर्ने धैर्य र लगन विकास भइरहेको हुँदैन । परिणामतः अभिभावकले पनि सन्तानको मायाले बेलायत पढाएको भन्ने पुष्टि नहुन सक्छ । अधिक मायाले पनि विपत्ति निम्त्याउन सक्छ । १९-२० वर्षका युवायुवतीको भविष्य बारे निर्णय लिंदा १० वर्ष पछिसम्म भविष्यमा आउने असरको बारेमा सोचेर निर्णय लिनु उचित हुन्छ । बेलायत, अमेरिका पढ्न पठाउन ५०औं लाख खर्च गर्न तयार हुने अभिभावकहरूले ८-१० लाख खर्च गरेर गरिखाने कोर्ष किन नगराउने ? नेपालमा राम्रो ट्युसन र परिवारको निगरानीमा स्नातकसम्म अध्ययनका साथै सीप सिकाउन सके परिपक्वता, अनुभव, ज्ञान हुनुका साथै दिगो र सुरक्षित भविष्यको बाटो समाउन सजिलो हुन्छ । नेपाली युवायुवतीले बेलायत मात्र हैन कुनै पनि देश जानुअघि कम्तीमा स्नातकसम्म अध्ययन सकेर सीप सिक्ने, कामको अनुभव लिने र भाषा, सवारी चालन र कम्प्युटरको दक्षता हासिल गर्नु अत्यावश्यक हुन्छ । विश्व बजारमा माग हुने र चलेका छोटा अनलाइन कोर्षहरू र सर्टिफिकेसन, युट्युब, लिंक्डइनमा उपलब्ध छोटा कोर्ष, अकाउन्टिङ सृटवेयर जस्ता व्यावसायिक कोर्ष सिक्नु त एकदमै राम्रो । केही नभए पनि दैनिक जीवनमा आवश्यक पर्ने कपाल काट्ने, ब्युटिसियन तालिम, केयर, मन्टेसरी, सिलाई-बुनाई, ग्राफिक डिजाइन, कुक जस्ता सीप सिक्न सक्दा त अत्युत्तम हुने भइहाल्यो । यति भयो भने विदेश गए पनि नगए पनि जागिर र पैसा तपाईंलाई खोज्दै आउनेछ ।

*-अनलाइन खबर डटकम*

# आज विश्व मूर्ख दिवस मनाइँदै




**पाल्पा,** चैत १८/आज अप्रिल १ तारिक अर्थात् 'विश्व मूर्ख दिवस' नेपालसहित विश्वभर अरूलाई मुर्ख बनाएर मनाइँदै छ । आज नेपालमा मात्र नभइ संसारभरका मानिसहरूले अरुलाई फूल अर्थात् 'मूर्ख' बनाउँछन् ।

पहिले यो दिवस फ्रान्स र अन्य युरोपेली देशहरूमा मनाइने गरिए पनि बिस्तारै अन्य देशहरूले पनि यो दिवस मनाउन थाले । यो दिन एकअर्कासँग रमाइलो गरेर मनाइन्छ । सबैले एक अर्कालाई मूर्ख बनाउन बहाना खोज्छन् । यस दिन केही व्यक्तिहरूले फोनमा म्यासेज र ठट्टाहरू मार्फत बेवकूफ बनाउँछन् । 'अप्रिल फूल' दिवस विभिन्न देशहरूमा विभिन्न तरिकाले मनाइन्छ । मुर्ख दिवसलाई "अप्रिल फूल" अर्थात् 'फुलिस डे' को नामले पनि चिनिन्छ । अप्रिलफुल पश्चिमी सभ्यतामा सबैभन्दा लोकप्रिय गैरधार्मिक पर्व हो । अप्रिल १ मा मानिसलाई झुक्याउने वा मूर्ख बनाउने प्रचलन धेरै वर्षदेखि चलिआएको छ । आजको समयमा, यो दिवस संसारभर मनाइन्छ । तर यसको सुरुवातको कुरा गर्दा सबैभन्दा पहिलो यसको प्रयोग चौसरको 'नन्स प्रिस्ट टेल' भन्ने किताबमा पाइन्छ । त्यसमा 'क्यान्टरबरी टेल्स' को कथामा उक्त कुरा उल्लेख छ । कथामा इङ्ल्याण्डका राजा रिचर्ड द्वितीय र बोहेमियाकी रानीको इन्गेजमेन्ट हुने कुरा जनतालाई सुनाइन्छ । इन्गेजमेन्ट ३२ मार्चमा हुने भनिन्छ । उक्त कुरा जनताले पनि विश्वास गर्छन् । मार्च ३२ क्यालेन्डरमा मिति नै नहुने भएकोले त्यहाँका मानिसहरू सामूहिक रूपमा अप्रिल फूल' बने भनिएको छ । नेपालमा पनि अप्रिल १ लाई कहिलेदेखि 'मूर्ख दिवस'को रूपमा मनाउन थालियो भन्ने यकिन तथ्याङ्क भने छैन । तर यो दिनलाई ढाँट्ने, झुक्याएर अरूलाई दुःख दिने र प्र्याङ्क गर्ने दिनका रूपमा लिने गरिन्छ । अप्रिल फुल बाहिरबाट आएको चाडका रूपमा नेपालीहरूले लिने गरेका हुन् । यो दिनलाई गम्भीरताका रूपमा भन्दा पनि ठट्टा, रमाइलो गर्ने पर्वका रूपमा लिइने गरिन्छ ।

## गुल्मीमा तीन सय...

...यस कार्यक्रमले वन क्षेत्रसँग जोडिएका स्थानीयवासीलाई वनजङ्गलको संरक्षण र संवर्द्धनसँगै आर्थिकोपार्जनसँग जोडिने काम गरिरहेको छ । गुल्मीलाई भविष्यमा चरा पर्यटकका रुपमा विकास गर्नका लागि पनि वन, जैविक विविधता संरक्षण, वातावरण र वन क्षेत्रको दिगो विकासमा स्थानीय तहबाट आवश्यक सहयोग पु¥याउन रेसुङ्गा नगरपालिका सधैं तयार रहेको नगर प्रमुख खिलध्वज पन्थीले बताए । दुर्लभ प्रजातिका चरा संरक्षणका लागि मुख्य चुनौतीका रुपमा बासस्थान, खानेपानीको अभाव रहेको उनको भनाइ छ । अतिरिक्त वन-डढेलो, विद्युतीय प्रसारण लाइन र वन्यजन्तु एवं चराचुरुङ्गीको अवैध सिकारलगायत कारणले दुर्लभ प्रजातिका चरा संरक्षण चुनौतीपूर्ण बन्दै गएको पन्छी संरक्षण संघले जनाएको छ । संघले विगत छ वर्षदेखि डिभिजन वन कार्यालय गुल्मीसँग सहकार्य गरी चरा संरक्षणको क्षेत्रमा काम गर्दै आएको छ । **-रासस**

## खेलकुद समाचार

### गुजरातलाई ८ विकेट हराउँदै नेपाल विजय



**काठमाडौं,** चैत १८/नेपालले त्रिकोणात्मक टी-२० सिरिज (फ्रेन्डसिप कप) अन्तर्गत पहिलो खेलमा गुजरातलाई ८ विकेटले हराउँदै विजयी सुरुवात गरेको छ ।

जितको लागि ९९ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १५.२ ओभरमा २ विकेट गुमाउँदै पूरा ग¥यो । नेपालको जितमा अनिल शाह ३५ बलमा ३ चौका र १ छक्कासहित ३२ रनमा नट आउट रहे । रोहित पौडेल २६ बलमा ३ चौकासहित ३३ रनमा नट आउट रहे । नेपालका ओपनर कुशल भुर्तेल १६ बलमा २ छक्कासहित १७ र आसिफ शेख १६ रनमा आउट भए । गुजरातका तेजास पटेल र हेमांग पटेलले १/१ विकेट लिए । त्यसअघि साई मेघपन स्पोर्ट्स लाइफ ग्राउण्डमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको गुजरात १८.२ ओभरमा ९८ रनमा अल आउट भएको थियो । गुजरातका ओपनर रुद्र मयुर पटेलले २२ बलमा ४ चौकासहित सर्वाधिक २३ रन जोडेका थिए । आर्यन देशाई ४, सराल प्रजापति १७, उमांग पटेल ५, स्मित पटेल १०, अभिषेक देशाई ११ र हेमांग पटेल २० र ऋषि पटेल १ रनमा आउट भए । नेपालको जितमा गुलशन झाले ४ ओभरमा २२ रन खर्चेर ४ विकेट लिए । करण केसीले ३.२ ओभरमा २२ रन खर्चेर ३ विकेट लिए । सोमपाल कामीको नाममा १ विकेट रह्यो । दोस्रो खेल चैत्र २० मा बरोडासँग खेल्नेछ । चैत्र २१ गुजरातसँग खेल्नेछ । त्यस्तै सिरिजको अन्तिम खेल चैत्र २३ मा बरोडासँग खेल्नेछ । फाइनल चैत्र २५ हुनेछ । शीर्ष दुई टोलीले फाइनल खेल्नेछन् । दुई सातापछि ओमानमा हुने एसिसी प्रिमियर कप तयारीको लागि नेपालले भारतमा अभ्यास गरेको हो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा गिरावट



**पाल्पा,** चैत १८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक गिरावट भएको छ । आइतबार नेप्से परिसूचक १७ दशमलव ३० अंकले घटेर दुई हजार १८ दशमलव ३३ को बिन्दुमा कायम भएको हो ।

तीन सय १६ कम्पनीको ७९ लाख ५७ हजार छ सय ५९ कित्ता शेयर ६७ हजार ४४ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब २० करोड ५३ लाख ३२ हजार तीन सय २४ बराबरको कारोबार भएको छ । निर्जीवन बीमा समूहको उपसूचक शून्य दशमलव १२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ६५, व्यापार एक दशमलव ७४, लघुवित्त एक दशमलव २० र विकास बैंक एक दशमलव ०९ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ५३, वित्त शून्य दशमलव ६२, होटल तथा पर्यटन शून्य दशमलव ७६, जलविद्युत शून्य दशमलव ०८, लगानी शून्य दशमलव ७९, जीवन बीमा शून्य दशमलव ९९, म्युचुअल फन्ड शून्य दशमलव ७३ र अन्य समूहको उपसूचक शून्य दशमलव ७१ प्रतिशतले घटेको छ । मायाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

गरिमा डिभेञ्चर २०८५ को मूल्य आठ दशमलव ०८ र उन्नत्ति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७४ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सर्वोत्तम सिमेन्ट लिमिटेडको शेयर मूल्यमा नौ दशमलव ९९ प्रतिशतले गिरावट देखिएको छ । कारोबार रकम र शेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै सर्वोत्तम सिमेन्ट लिमिटेडको रु २८ करोड ६८ लाख ९३ हजार तीन सय ३१ बराबरको दुई लाख ९० हजार एक सय ३६ कित्ता शेयर किनबेच भएको छ ।


# हार्दिक समवेदना



जन्म
वि.सं. १९९५/११/३०

दिवंगत
वि.सं. २०८०/१२/१५

**स्व.राम लाल शाक्य**

हाम्रा प्रातःस्मरणीय भाई (साला)/मामा/अजा **राम लाल शाक्य**को असामयिक स्वर्गारोहण भएकोमा हामी सकल परिवारजनहरु स्तब्ध एवं मर्माहत भएका छौं । यस दुःखद् घडीमा शोक सन्तप्त परिवारहरुप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् तथा दिवंगत आत्माको चीरशान्तिको लागि सुखावती भुवनमा बास मिलोस् भनी **भावपूर्ण श्रद्धाञ्जली** सहित **हार्दिक-समवेदना** व्यक्त गर्दछौं ।

**भिनाजु**
श्री हिकमत बहादुर बज्राचार्य

**भान्जी/भान्जा/बुहारी/ज्वाई**
मोहलक्ष्मी बज्राचार्य
राजेन्द्र/प्रदिता
पुरन/पुष्पाञ्जली
योगेन्द्र/यूनिता
विरेन्द्र/रञ्जना
मन्दिरा/ज्ञानेन्द्र शाक्य
ज्ञानेन्द्र बज्राचार्य
नगेन्द्र/शर्मिला
सचिन्द्र/रिभा

**नाती/नातिनी/बुहारी/ज्वाई**
अञ्जली/अभिमन्यू शाक्य
प्रणेश/भावना
सम्यक/रेशु
अंकिता, आकृति, निष्ठा,
रोनिक, यूनिक, श्रेयस, संयम,
नमन, रिया र रायन बज्राचार्य
एवं
सम्पूर्ण बज्राचार्य परिवार

तानसेन-३, टक्सारटोल, पाल्पा



वर्गिकृत डिस्प्ले
*१ X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


### मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेष्ता कायम सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त निवेदक पाल्पा जिल्ला साविक फोक्सिङ्गकोट-२ हाल रम्भा गा.पा.-२ निवासी सेर बहादुर सारुले रम्भा गा.पा. २ को च.नं. ९६६ मिति २०८०/१२/१५ को सिफारिस, वडा मुचुल्का, प्लट रजिष्टर उतार, गा.वि.स. लगत उतार, तिरो रसिद, सेर बहादुर सारुको नागरिकता प्रतिलिपि संलग्न राखी उक्त आफ्नो नाममा रहेको फोक्सिङ्गकोट-२ का कि.नं. ८१, २९१, २९४, २९७, ३५१, ३५३, ३५९, ३८६ र ३९२ का जग्गाको सक्कल जग्गाधनी पूर्जा हराएको हुँदा श्रेष्ता कायम गरिपाउँ भनी मिति २०८०/१२/१८ मा यस कार्यालयमा निवेदन दिनुभएको ।

यसमा पाल्पा जिल्ला साविक फोक्सिङ्गकोट-२ को कि.नं. ८१, २९१, २९४, २९७, ३५१, ३५३, ३५९, ३८६ र ३९२ का जग्गाधनी प्रमाण पूर्जा हराएको हो या होइन ? उक्त जग्गाहरुमा हाल कासको हकभोग छ ? यसमा माथि उल्लेखित कि.नं. का जग्गाहरु जग्गाधनीले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् या छैनन् ? हाल उक्त कि.नं. को जग्गा कसले भोगचलन गरिरहेको छ ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? जग्गाधनी भनिएका सेर बहादुर सारु मगर र सेर बहादुर सारु एउटै व्यक्ति हुन् या होइन ? निवेदक सेर बहादुर सारुको नाउँमा उक्त कि.नं. का जग्गाहरु श्रेष्ता कायम गरिदिँदा कोही कसैलाई असर पर्छ वा पर्दैन ? उल्लेखित जग्गा निवेदकका नाममा श्रेष्ता कायम गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिँदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

इति सम्वत २०८० साल चैत्र १८ गते रोज १ शुभम् ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई